केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/११/०७५/७६ मिति: २०७५/०९/११

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७५ को विभिन्न इ.प्रा.निर्देशनहरुमा देहायबमोजिम संशोधन/परिमार्जन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. इ.प्रा.निर्देशन नं. १/०७५ को Capital Adequacy Framework, 2015 तथा Capital Adequacy Framework, 2007 को RISK MEASUREMENT AND RISK WEIGHTS अन्तर्गत रहेको High Risk Claim को बुँदा नं. २ मा रहेको ***"and lending against securities (bonds and shares)"*** भन्ने वाक्यांशलाई खारेज गरि सोही अनुच्छेदमा **lending against securities (bonds and shares) shall attract risk weight of 100 %** भन्ने वाक्यांश थप गरिएको छ।

२. इ.प्रा.निर्देशन नं. २/०७५ को बुँदा नं. १६ लाई देहायबमोजिम संशोधन गरिएको छ।

**१६. सूचीकृत सेयर सुरक्षण राखी प्रवाह हुने कर्जाका सम्बन्धमा**

(क) धितोपत्र विनिमय बजारमा सूचीकृत संस्थाहरुको सेयरको धितोमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जाका सम्बन्धमा देहायका शर्तहरु पालना गरेर मात्र सो अनुसारको कर्जा प्रदान गर्न सकिनेछ।

(१) यसरी प्रवाह हुने कर्जाको हकमा सुरक्षण बापत राखिने सेयरको मूल्याङ्कन गर्दा नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट प्रकाशित पछिल्लो १८० कार्य दिनको अन्तिम मूल्यको औसत मूल्य वा सेयरको प्रचलित बजार मूल्यमध्ये जुन कम हुन्छ, सो रकमको बढीमा **६५ प्रतिशत** रकमसम्म मात्र सेयर धितो कर्जा प्रवाह गर्न सकिनेछ। एकपटक प्रवाह गरिसकेको यस्तो कर्जाको सुरक्षणमा रहेको सेयरको पुनरमूल्याङ्कन गरी सोको आधारमा थप कर्जा सीमा कायम गर्न वा थप कर्जा प्रदान गर्न पाइने छैन।

(२) सेयरको बजार मूल्यमा हुने परिवर्तनको कारणले शेयर धितो सुरक्षणको मूल्यमा कमी आएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले सो को मूल्य अनुगमन गरी थप धितोको लागि ऋणी ग्राहकलाई सूचित गर्नु पर्नेछ। **Margin Call गर्दा उक्त सेयरमा प्राप्त हुने यकिन भएको हकप्रद र बोनस शेयरहरु सूचीकरण नभएको अवस्थामा समेत धितोमा राखिएको सेयर संख्यामा गणना गर्न सकिनेछ।**

(३) यसरी प्रवाह भएको कर्जाको अवधि एक वर्षभन्दा बढी हुने छैन। सेयरको धितोमा कर्जा उपभोग गरिरहेका ऋणीले आफूले लिएको कर्जाको सम्पूर्ण बक्यौता ब्याज भुक्तानी गरी कर्जा नियमित रहेको अवस्थामा त्यस्तो कर्जा नवीकरण गर्न सकिनेछ।

तर, अन्य प्रयोजनको लागि प्रवाह भएको कर्जाको लागि थप सुरक्षणस्वरुप ऋणीले दिएको सेयर धितोको हकमा यो व्यवस्था लागू हुने छैन। सम्बन्धित बैंक/वित्तीय संस्थाले कर्जा प्रयोजनका सम्बन्धमा आवश्यक सूचना, तथ्यांक र विवरण सम्बन्धित

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



कर्जा फाइलमा अद्यावधिक गरेको हुनुपर्नेछ । सो सम्बन्धमा थप धितो सुरक्षणस्वरुप लिइने त्यस्तो सेयर, अतिरिक्त धितोको रुपमा मात्र रहने छ ।

(४) देहायका अवस्थामा रहेका संस्थाहरुको सेयरको धितोमा कर्जा प्रदान गर्न पाइने छैन ।

(क) यस बैंकबाट समस्याग्रस्त घोषणा भएका वा निर्देशन बमोजिम पुंजी कोष अनुपात कायम नगरेका बैंक तथा वित्तीय संस्थाहरु

(ख) नेटवर्थ ऋणात्मक भएका संस्थाहरु,

(ग) नेपाल स्टक एक्सचेन्ज लिमिटेडले सूचीकरणबाट हटाइएका (Delisted) संस्थाहरु,

(घ) आर्थिक वर्ष समाप्त भएको एक वर्ष अवधि पुरा हुँदा समेत अन्तिम लेखा परीक्षण नगर्ने संस्थाहरु,

(५) धितोपत्र विनिमय बजारमा सूचिकृत संस्थाहरुको सेयरको धितोमा कर्जा प्रदान गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाको आफ्नो कर्जा नीति/निर्देशिकामा स्पष्ट व्यवस्था भई अन्य कर्जा प्रदान गरे सरह अवलम्बन गर्नु पर्ने सम्पूर्ण प्रकिया पुरा गरेको हुनु पर्नेछ ।

(६) यस्तो कर्जा बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो प्राथमिक पुँजी (Core Capital) **को वढीमा ४० प्रतिशतसम्म** मात्र प्रवाह गर्न सक्नेछन् । साथै, यसरी कर्जा प्रदान गर्दा बैंक तथा वित्तीय संस्थाले एउटा सूचीकृत कम्पनीको सेयरको हकमा आफ्नो प्राथमिक पुँजी (Core Capital) को बढीमा १० प्रतिशत ननाघ्ने गरी मात्र कर्जा प्रवाह गर्नु पर्नेछ । यस्तो कर्जा कूल बक्यौता कर्जा रकमको १० प्रतिशत भन्दा बढी नहुने गरी प्रवाह गर्नु पर्नेछ ।

यस प्रयोजनको लागि प्राथमिक पुँजी (Core Capital) भन्नाले ठीक अघिल्लो त्रयमासको आन्तरिक लेखापरीक्षण भएको वित्तीय विवरणको आधारमा कायम हुन आएको प्राथमिक पुँजी सम्झनु पर्दछ ।

(७) धितोपत्र व्यवसायीवाट हुने Margin Trading सम्बन्धी कारोवारका सम्बन्धमा प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही नेपाल धितोपत्र वोर्डको नीति/निर्देशन अनुरुप हुनेछ । त्यस्तो धितोपत्र व्यवसायीलाई नेपाल धितोपत्र वोर्डको सिफारिसमा यस बैकवाट नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ मा भएको व्यवस्था बमोजिम स्वीकृति प्रदान गरिनेछ ।

(ख) बैंक तथा वित्तीय संस्थाहरुले धितो सुरक्षण लिएको सेयरका सम्बन्धमा :

१. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको सेयर आफैले सकार गरी कर्जा असुली गर्न पाइने छैन ।

२. यस अघि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको सेयर सकार गरी कर्जा असुली गरेको भएमा सकार गरिएका सेयरहरु अनिवार्य रुपले बिक्री गर्नु पर्नेछ । विशेष कारणवश बिक्री हुन नसकी बाँकी रहेका सेयरहरुको हकमा सेयर सकार गरेको मूल्य बराबरले हुन आउने रकमको शत प्रतिशत नोक्सानी व्यवस्था गर्नु पर्नेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

३. इ.प्रा.निर्देशन नं. ५/०७५ को बुँदा नं. ६ को उपबुँदा नं ६ मा देहायबमोजिमको खण्ड (च) थप गरिएको छ ।

(च) कर्जा/स्रोत परिचालन अनुपात (CCD Ratio) गणना गर्दा अन्तर बैंक कारोवारबाट प्राप्त सापटी रकमलाई स्रोत परिचालनमा समावेश गर्न सकिने छ । साथै, अन्तर बैंक सापटी प्रदान गर्ने संस्थाले अन्तर बैंक सापटीलाई कर्जा सापटमा समावेश गर्नु पर्ने छ । यस प्रयोजनको लागि Rollover गरिएको अन्तरबैंक कारोबारलाई समावेश गर्न पाइने छैन ।

४. इ.प्रा.निर्देशन नं. ८/०७५ को बुँदा नं. ४ मा देहायबमोजिमको उपबुँदा नं. ३ थप गरिएको छ ।

**३. धितोपत्र व्यवसायी सम्बन्धी कार्य गर्ने सहायक कम्पनी स्थापना सम्बन्धी व्यवस्था**

प्रचलित धितोपत्र सम्बन्धी ऐन, नियम र कानुनी व्यवस्था तथा विद्यमान नीतिगत व्यवस्थाको अधीनमा रही वाणिज्य बैंकले छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र बोर्डवाट अनुमति लिई धितोपत्र व्यवसायी सम्बन्धी कार्य गर्न कम्तीमा ५१ प्रतिशत स्वामित्व हुने गरी सहायक कम्पनी (Subsidiary Company) मा लगानी गरी सञ्चालन गर्न सक्ने व्यवस्थाका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको छ ।

(क) धितोपत्र व्यवसायी सम्बन्धी कार्य गर्ने छुट्टै सहायक कम्पनीमा लगानी गर्दा वित्तीय स्वार्थ स्थापित हुने भएकोले उक्त सहायक कम्पनीमा गरिएको कुल लगानी रकमलाई पुँजीकोष गणना गर्दा प्राथमिक पुँजीबाट घटाई पुँजीकोष कायम गर्नु पर्नेछ ।

(ख) धितोपत्र व्यवसायी सम्बन्धी कार्य गर्ने सहायक कम्पनी स्थापना प्रयोजनका लागि वाणिज्य बैंकले संगठित संस्थाहरुको सेयर तथा डिबेञ्चरमा लगानी गर्दा लगानी हुने संस्थाको चुक्ता पुँजीको अधिकतम १० प्रतिशतको सीमामा छुट प्रदान गरिएको छ ।

(ग) सहायक कम्पनीको नियमन, निरीक्षण, सुपरिवेक्षण र अन्य व्यवस्थाहरु नेपाल धितोपत्र बोर्डले तय गरेको नीति निर्देशन तथा विद्यमान व्यवस्था अनुरुप हुनेछ । यस व्यवस्थाबाट उक्त सहायक कम्पनीमा नेपाल राष्ट्र बैंकको तर्फबाट आवश्यकता अनुसार निरीक्षण/सुपरिवेक्षण गर्न वाधा पुगेको मानिने छैन ।

(घ) वाणिज्य बैंकले आफ्नो वित्तीय विवरण पेश गर्दा सहायक कम्पनीको वित्तीय विवरणहरु समेत एकीकृतरुपमा पेश गर्नु पर्नेछ । सो प्रयोजनार्थ लेखा नीति र वित्तीय विवरण इ.प्रा. निर्देशन नं. ४ मा तोकिएबमोजिम पेश गर्नु पर्नेछ ।

(ङ) वाणिज्य बैंक तथा सहायक कम्पनी बीच हुने कारोबारमा वित्तीय स्वार्थ हुने हुँदा त्यस्तो कारोवारलाई दुवै कम्पनीले सम्बन्धित पक्ष बीच हुने कारोबार (Related Party Transactions) शीर्षक अर्न्तगत उल्लेख (Disclose) गर्नुपर्नेछ । त्यस्तो कारोबार भएपछि नियमितरुपमा प्रकाशित गर्नु पर्ने वित्तीय विवरणमा सो कारोबारबारे विस्तृत जानकारी प्रदान गर्नु पर्नेछ । प्रतिस्पर्धात्मक बजार मूल्यमा कारोबार नगरेमा र/वा त्यस्तो कारोबार बारे विस्तृत विवरण निर्देशानुसार प्रकाशित नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ र १०० बमोजिम जुनसुकै जरिवाना र सजाँय हुन सक्नेछ ।

(च) सहायक कम्पनीले आफूले जारी गरेको वा आफ्नो मुख्य कम्पनीले जारी गरेको धितोपत्रको कारोबार गर्न सक्ने छैन ।

(छ) सहायक कम्पनीले वित्तीय स्रोत संकलन गर्ने प्रयोजनले दायित्व स्वरुप निष्काशन गर्ने कुनै

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पनि सुरक्षणपत्रहरुमा मुख्य कम्पनी (Parent Company) ले लगानी गर्न नपाउने र सो सुरक्षणपत्रको धितोमा कर्जा प्रवाह गर्न समेत पाउने छैन ।

(ज) धितोपत्र व्यवसायी सम्बन्धी कार्य गर्ने सहायक कम्पनीले धितोपत्र व्यवसाय वाहेक अन्य कार्य गर्न सक्ने छैन ।

५. इ.प्रा.निर्देशन नं. १५/०७५ मा संशोधन/परिमार्जन

(क) बुँदा नं. ४ को उपबुँदा नं. (३) को पहिलो अनुच्छेदलाई देहायबमोजिम संशोधन गरिएको छ ।

औसत व्याजदर अन्तर "क" वर्गका ईजाजतपत्रप्राप्त संस्थाहरुको हकमा २०७५ असोजमसान्त पश्चात ५ प्रतिशत भन्दा बढी, २०७५ चैत्रमसान्त पश्चात ४.७५ प्रतिशत भन्दा बढी र २०७६ असारमसान्त पश्चात ४.५ प्रतिशत भन्दा बढी तथा "ख" र " ग" वर्गका राष्ट्रियस्तरका वित्तीय संस्थाहरुको हकमा २०७५ पुषमसान्त पश्चात र राष्ट्रियस्तर बाहेकका वित्तीय संस्थाहरुको हकमा २०७६ असारमसान्त पश्चात ५ प्रतिशत भन्दा बढी भएमा देहायबमोजिमको सबै कारवाही हुनेछ :

(ख) बुँदा नं. ५ को उपबुँदा नं. २ लाई देहायबमोजिम संशोधन गर्ने ।

(२) निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने ब्याजदर संशोधन गर्ने वा चल्ती तथा बचत खातामा कायम गर्नुपर्ने न्यूनतम मौज्दात रकममा थपघट गर्ने निर्णय गरेमा सो निर्णय भएको लगतै र साविककै ब्याजदर कायम रहने अवस्थामा समेत **मासिक रुपले** राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशन गरी सर्वसाधारण निक्षेपकर्ताहरुलाई सूचित गर्नु पर्नेछ ।

(ग) आधार दर निर्धारण सम्बन्धी कार्यविधि, २०६९ को बुँदा नं. २ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

२. आधार दर गणना विधिः
आधार दर गणना गर्दा निम्नानुसारको विधि अपनाउनु पर्नेछः

*आधार दर = कोष लागत प्रतिशत + अनिवार्य मौज्दात लागत प्रतिशत + वैधानिक तरलता लागत प्रतिशत + सञ्चालन लागत प्रतिशत*

(घ) आधार दर निर्धारण सम्बन्धी कार्यविधि, २०६९ को बुँदा नं. २.५ लाई खारेज गरिएको छ ।

(ङ) आधार दर निर्धारण सम्बन्धी कार्यविधि, २०६९ को ने.रा.बैंक निर्देशन फा.नं.१५.१ आधारदर सम्बन्धी विवरण (मासिक) तालिकाको क्र.स. (ङ) मा रहेको सम्पत्तिमा प्रतिफलको हरफलाई हटाई क्रम संख्या मिलान गरिएको छ । साथै, फा.नं.१५.१ को आधार दर सम्बन्धी थप विवरण को ढाँचामा रहेको (ङ) कुल सम्पत्ति महल र क्र.स. (ढ) मा रहेको सम्पत्तिमा प्रतिफल प्रतिशत हरफलाई हटाईएको ।

६. इ.प्रा.निर्देशन नं. १६/०७५ मा संशोधन/परिमार्जन

बुँदा नं. २ को खण्ड (ख) लाई देहायबमोजिम संशोधन गरिएको छ ।

(ख) इजाजपत्रप्राप्त संस्थाको कुल निक्षेपमा सरकारी संस्था एवम् संस्थानहरु, पब्लिक लिमिटेड कम्पनीहरु, बचत तथा ऋण सहकारी संस्था तथा त्यस्ता संस्था एवम् संस्थान मातहत

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

संचालित कोषहरुको निक्षेपको अंश ५० प्रतिशतभन्दा बढी कायम गर्न पाइने छैन ।

७. इ.प्रा.निर्देशन नं. २२/०७५ को बुँदा नं. ४५ लाई देहायबमोजिम संशोधन गरिएको छ ।

वाणिज्य बैंकहरुले प्रत्येक आर्थिक वर्षका लागि निक्षेप दायित्व तथा कर्जा सापट सहितको वार्षिक कार्ययोजना संचालक समितिबाट स्वीकृत गराई हरेक आर्थिक वर्षको साउन मसान्तभित्र यस बैंकको बैंक सुपरिवेक्षण विभाग समक्ष अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । साथै, उक्त कार्ययोजना कार्यान्वयनको अनुगमनका सम्बन्धमा सम्बन्धित बैंकको संचालक समितिले त्रैमासिक समीक्षा गरी त्रयमास समाप्त भएको १५ दिन भित्र यस बैंकको बैंक सुपरिवेक्षण विभागमा पेश गर्नु पर्ने छ । यस बैंकबाट वाणिज्य बैंकहरुको सुपरिवेक्षणका क्रममा सो कार्ययोजनालाई सम्बन्धित बैंकको अनुगमनको आधारको रुपमा लिइनेछ ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(१०) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(११) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१२) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।